का.जि.प्र.का.द.नं. १००/०५९/६०
१९ मंसिर २०८०, मंगलबार
5 December 2023, Tuesday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक
ईपेपर हेर्न
वर्ष २१, अंक ३०० । पृष्ठ १०
Madhyanha National Daily
www.madhyanhadaily.com



वर्षापछि हिउँले ढकमक्क ढोल्पाको शे-फोक्सुण्डो ताल । तस्बिर : मध्यान्ह

इपीसेन्टर बारेकोट

## भूकम्पबाट जोगिए चिसोबाट गुम्दै ज्यान

**मध्यान्ह संवाददाता**
काठमाडौं, १८ मंसिर ।

गत १७ कात्तिकमा गएको भूकम्पबाट १५३ जनाको ज्यान गएको थियो । तर जाजरकोट भूकम्पको केन्द्रविन्दु रहेको बारेकोट गाउँपालिकामा सबै नागरिक सकुसल रहेका थिए । भूकम्पबाट आफ्नो गाउँपालिकाका सबै नागरिक जोगिएकोमा धन्य देखिएका पालिका अध्यक्ष बीरबहादुर गिरी अहिले तनाबमा परेका छन् ।

'भूकम्पको केन्द्रविन्दु भएपनि हामी सबै सकुसल रहेका थियौ । तर चिसो काल बनिरहेको छ', अध्यक्ष गिरी भन्छन् । त्रिपाल बाँडेर सबै नागरिकलाई राखेपनि चिसोबाट जोगिनेगरी अस्थायी बासको प्रबन्ध गर्न नसकिएको उनी बताउँछन् ।

> जाजरकोट भूकम्पको केन्द्रविन्दु रहेको बारेकोट गाउँपालिकालाई चिसो काल बनेको छ । भूकम्प यता मात्रै १२ जनाले चिसोका कारण ज्यान गुमाएका छन् ।

'पालिकाको सबैजसो घर भत्किएको छ । हामीसँग सबैलाई न्यानोमा राख्ने सामर्थ्य छैन', उनी भन्छन् । दिनदिनै चिसोबाट ज्यान गुमाउने संख्या बढिरहेको गिरी बताउँछन् । उनका अनुसार, पालिकामा अहिलेसम्म १२ जनाको चिसोबाट मृत्यु भइसकेको छ ।

चिसोबाट १९ कात्तिकबाटै भूकम्प प्रभावितको ज्यान जान थालेको थियो । पृष्ठ २ मा

महिला हिंसा रोकौं: असल समाज निर्माण गरौं
- महिलालाई कुनै पनि प्रकारका मानसिक र शारिरिक पीडा हुने घटना महिला हिंसाका घटना हुन् ।
- महिला माथि हुने बलात्कार, घरेलु हिंसा, यौन उत्पीडन, एसिड आक्रमण, महिला शिशु हत्या, भ्रूण हत्या, प्रसूति हिंसा, दाइजोका कारण गरिने हिंसा, बोक्सीको आरोप, जबर्जस्ती विवाह, बालविवाह, बहुविवाह, कुटपीट, मानसिक यातना, धम्क्याउने, जिस्काउनेजस्ता कार्य महिला हिंसा हुन्।
- यस्ता घटनाहरु नजिकका आफन्त तथा नातेदार, छिमेकी, साथीभाई, सहकर्मी र अपरिचित व्यक्तिबाट प्रत्यक्ष वा सामाजिक सञ्जाललगायतका माध्यमबाट समेत हुन सक्दछ ।
- यस्ता घटना भएमा तत्काल प्रहरीमा खबर गरौं, त्यस्ता व्यक्तिलाई कानूनी दायरामा ल्याऔं।

*महिला हिंसा विरुद्धको १६ दिने अभियान सफल पारौं।*

नेपाल सरकार
विज्ञापन बोर्ड

## महाधिवेशन सार्दै माधव नेपाल

महाधिवेशनको नयाँ मिति तय गर्न एकीकृत समाजवादीको सचिवालय बैठक बसेको थियो । तर मिति भने टुंगो लाग्न सकेको छैन ।

**दिवाकर अधिकारी / मध्यान्ह**
काठमाडौं, १८ मंसिर ।

नेकपा एकीकृत समाजवादीले महाधिवेशन सर्ने भएको छ । तर, कति समयका लागि सर्ने तय भएको छेन ।

एकीकृत समाजवादीका अध्यक्ष माधव नेपालको विशेष पहलमा गत भदौ अन्तिम साता माधिवेशनको मिति तय भएको थियो । भदौ अन्तिम साताको निर्णय अनुसार माघ १४-१८ मा महाधिवेशन हुनुपर्ने थियो । तर, उक्त मितिमा महाधिवेशन नहुने पक्का भएको छ ।

नयाँ महाधिवेशनको मिति तय गर्न सोमबार एकीकृत समाजवादीको सचिवालय बैठक बसेको थियो । उक्त बैठकमा महाधिवेशको मिति सार्ने सहमति जुटेको छ । तर कहिले टुंगो लाग्न सकेको छैन ।

पार्टी केन्द्रीय कार्यालय आलोकनगरमा बसेको ६९ औं सचिवालय बैठकमा यसबारे कुरा उठेपनि निर्णय भने नभइसकेको प्रवक्ता जगन्नाथ खतिवडाले जानकारी दिए । राष्ट्रिय सभा निर्वाचन, भूकम्प र तयारी नपुगेको लगायतका कारण देखाउँदै एकीकृत समाजवादीले माघमै महाधिवेशन गर्न नसकिने निष्कर्ष निकालेका हुन् ।

प्रवक्ता जगन्नाथ खतिवडाका अनुसार माघ ११ गते हुने निर्वाचनको तयारीले पनि बाधा पुऱ्याएको छ । भूकम्पको स्थिति, समग्रको कामको तयारी व्यवस्थापनको विषयलाई लिएर निर्णय लिनुपर्ने भएकाले महाधिवेशनको मिति सार्ने निर्णय भएको छ । कुन मितिमा गर्ने भनेर मंगलबार निर्णय हुने उनले बताएका छन् ।

### मध्यावधिको विरोध

एकीकृत समाजवादीले मध्यावधि चुनावको चर्चाको विरोध गरेको छ । सरकारलाई अस्थिर बनाउनका लागि यस्तो विषय दलहरुले उठाएको उसको टिप्पणी छ । कतिपय पार्टीले पार्टीगत राजनीतिक लाभ हुन सक्ने भनेर पनि मध्यावधि निर्वाचनको हल्ला चलाइएको उसको तर्क छ ।

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले मंसिर दोस्रो साता भएको पार्टी केन्द्रीय समिति र संसदीय दलको संयुक्त बैठकमा मध्यावधि निर्वाचनमा जानुपर्ने भन्दै प्रतिवेदन पेस गरेका थिए । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले पनि मध्यावधि चुनाव हुन सक्ने भनी पार्टी कार्यकर्तालाई तयार रहन आग्रह गर्दै आएका छन् । यो राजनीतिक पृष्ठभूमिमा बसेको एकीकृत समाजवादीको बैठकले मध्यावधिको पृष्ठ २ मा

प्रधानमन्त्रीका ८ ब्रिफिङ

# रुस र युक्रेनी सेनामा नेपालीलाई जान नदिइने

कोप २८ को सम्मेलनमा सहभागी भएर नेपाल फर्किएलगतै प्रधानमन्त्रीले सम्पादकहरुलाई बोलाएर रुस र युक्रेन युद्धमा नेपाली युवा सहभागी भएकोदेखि टिकटक प्रतिबन्धपछि चिनियाँ प्रतिक्रियासम्मका विषयमा ब्रिफिङ गरेका हुन् ।

**मुकुन्द लामिछाने / मध्यान्ह**
काठमाडौं, १८ मंसिर ।

प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड यसै साता कोप सम्लेलनमा भाग लिन युएई हिँड्ने बेलामा रुसस्थित नेपाली दूताबासले ६ जना नेपालीको मृत्यु भएको सूचना परराष्ट्र मन्त्रालयमार्फत सरकारलाई दिएको थियो ।

लगत्तै प्रधानमन्त्री प्रचण्डले प्रधानसेनापति, प्रहरीका प्रमुख, मन्त्रालयका सचिवसमेतको बैठक बोलाएर छलफल गरेका थिए । 'सो छलफलमा रुसी सेनामा कति नेपाली गएका छन्, पढ्न जाने अनुमति लिनेहरु त्यसरी सेनामा भर्ना भएका हुन कि वा कुन स्रोतबाट गएका हुन भन्नेबारे रुसी राजदूतसँग छलफल गर्ने निर्णय गरेको थियो' प्रधानमन्त्री प्रचण्डले सोमबार सम्पादकहरुसँगको भेटमा जानकारी दिए ।

कोप २८ को सम्मेलनमा सहभागी भएर नेपाल फर्किएलगत्तै प्रधानमन्त्रीले सम्पादकहरुलाई बोलाएर रुस र युक्रेन युद्धमा नेपाली युवा सहभागी भएकोदेखि टिकटक प्रतिबन्धपछि चिनियाँ प्रतिक्रियासम्मका विषयमा बृफिङ गरे । त्यसक्रममा उनले अब रुस र युक्रेनी सेनामा नेपाली जान पृष्ठ २ मा



### टिकटक चलाउन दिने आश्वासन

प्रधानमन्त्री प्रचण्डले टिकटक चलाउन दिने आश्वासन दिएका छन् । सम्पादकहरुले टिकटक बन्द गर्नु दीर्घकालिन हितमा नरहेको सुझाएपछि प्रधानमन्त्री प्रचण्डले टिकटकमाथि सरकारले पृष्ठ २ मा

### चीन रुष्ट

टिकटकमाथि सरकारले प्रतिवन्ध लगाएपछि चीनले कडा प्रतिक्रिया जनाएको पनि प्रधानमन्त्री प्रचण्डले खुलासा गरेका छन् ।

प्रधानमन्त्री प्रचण्डका अनुसार सरकारले टिकटकमाथि प्रतिवन्ध लगाएपछि पृष्ठ २ मा

### धर्म निरपेक्षतामा प्रमुख शक्ति एकै ठाउँ

सम्पादकहरुलाई बृफिङ गर्दै प्रधानमन्त्री पुष्पकमल प्रचण्डले धर्म निरपेक्षताबारे मुलुकका प्रमुख शक्तिहरूबीच कुनै मतभेद नरहेको र सबै एक रहेको बताए ।

प्रचण्डले सबै प्रमुख दलले सोच विचार पृष्ठ २ मा

### हिन्दु राष्ट्र भारतले आफैं घोषणा गरे भो

नेपाल बाहिरका शक्ति र व्यक्तिहरूले संविधानमा हिन्दु धर्म राख्नेबारे चासो राख्ने गरेको प्रधानमन्त्री प्रचण्डले स्वीकार गरेका छन् । तर यस्तो चासो राख्दा आफूहरूले 'तपाईंहरूकै देशमा हिन्दु धर्म राखे भो' भन्ने उत्तर दिने गरेको पृष्ठ २ मा

### गठबन्धन तत्काल टुट्दैन, सरकार ढल्दैन

कतिपयले सत्तागठबन्धन टुट्न सक्ने बताइरहेका बेला प्रधानमन्त्री प्रचण्डले तत्काल त्यस्तो सम्भावना रहेको बृफिङ गरे । आफू ३२ सिट रहेको पार्टीको संसदीय दलको नेता भएको र पार्टीगत रुपमा त्यही ३२ सिट संसदमा रहेतापनि गठबन्धन टुटाएर अर्को सरकार बन्ने वा बनाउने सम्भावना नरहेको प्रधानमन्त्री प्रचण्डले बताए । प्रमुख विपक्षी नेकपा एमालेले मध्यपहाडी पृष्ठ २ मा

### एमालेसमेतको विश्वासमा सरकार

सरकार परिवर्तनको विषयमा एमाले नेताहरुले सार्वजनिक रुपमा धारणा सार्वजनिक गरिरहेका बेला प्रधानमन्त्री प्रचण्डले महत्वपूर्ण विषयमा एमाले र सरकार एकसाथ रहेको बताए । प्रमुख प्रतिपक्षी दलको समेत कुरा सुनेर आफू अगाडि बढिरहेको उनले बताए । टिकटक प्रतिवन्त्रमा एमाले अध्यक्ष ओलीको चासोको खुलेरै ब्याख्या गरेका प्रधानमन्त्री प्रचण्डले व्यवस्थाका पृष्ठ २ मा

### एनसेल प्रकरणमा एक्सन

सरकारले एनसेलको शेयर खरिद-विक्री सम्बन्धमा अध्ययन गर्ने भएको छ । यसका लागि सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्माको नेतृत्वमा अध्ययन समिति बनाइने भएको छ ।

सम्पादकहरुसँगको छलफलमा प्रधानमन्त्री प्रचण्डले आफू नेपालमा नभएका बेला क्रेता र विक्रेताले १ सय ३० अर्बको सेयरलाई ६ अर्बमा बेच्ने कुरा भएको जानकारीमा पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

## रोजगारीका लागि युरोप पुगेका युवाहरु बेसहारा बन्दै

**मध्यान्ह संवाददाता**
काठमाडौं, १८ मंसिर

अभावमुक्त र सहज जीविका खोज्दै महँगो लगानीमा विभिन्न युरोपेली मुलुक छिरेका नेपाली युवाहरुको ठूलो समूह क्रमशः बेसहारा देखिन थालेको छ । पछिल्ला महिनामा वैदेशिक रोजगारी र अन्य अवसरको खोजीमा युरोपेली मुलुक छिरेका युवाहरुले नेपालमा सोचेजस्तो र अनधिकृत एजेन्टहरुले प्रलोभन दिएजस्तो पेशा, रोजगारी र आयआर्जनका अवसर भेट्टाउन नसक्दा छट्पटी, निराशा र मृत्युसम्मका घटना बढेको बताइएको छ ।

गत हप्ता पोर्चुगलमम एक युवाले आत्महत्या गरेको घटनाको पीडा शान्त हुन नपाउँदै सोमबार अर्को युरोपेली मुलुक माल्टामा २५ वर्षीय कृष्णबहादुर थापा क्षेत्री मृत फेला परेको खबर सार्वजनिक भएको छ । युरोपेली मुलुक छिरेका तन्नेरी उमेरका युवाहरु आत्महत्या गरेर आफैंलाई सिध्याउन उद्धत भएका दुःखद् घटनाहरु बारम्बार दोहोरिरहेको भन्दै त्यहाँ कार्यरत नेपाली संघसंस्थाका प्रतिनिधिहरुले चिन्ता व्यक्त गरेका छन् ।

खासगरी युरोपमा हुने अनियमित वैदेशिक रोजगार, दलालहरुको चर्को ठगी, लामो समय प्रियजन, पृष्ठ २ मा

Vacancy Annoucement
One of the Leading Recruitment Agency is seeking for following applicants.
Public Relation Officer : (2 Male/ 2Female)
Requirements:
Minimum 3 Years experience in the related fields.
Qualification should be + 2 Passed.
SALARY Negotiable
Send ur Resume at tinkunedestinyhr@gmail.com Mobile No: 9863911244
DHR
Gov. lic. No. 789/065/66
Destiny Human Resource Nepal Pvt. Ltd.
Tinkune, Kathmandu, Nepal
Tel.: 01-5104632/01-5104634.


VISIT Malaysia
आन्तरिक तथा बाहिय हवाई टिकेट सस्तो र आकर्षक मुल्यमा
New Year Offer!!!
Get your eVISA at Rs.4500/Per Person
TOURIST / WORKING
Authorised by Government of Malaysia for Visa Processing
थप जानकारीको लागि QR Scan गर्नुहोस्
Get Your eVISA For Malaysia
ARR Travel & Tour Private Limited
www.travelandtour.com.np
info@arrtravelandtour.com.np
Call or Whatsapp -9801362585, 9749465891
+977-5919349
Sinamangal-9,Sinamangal chowk, Kathmandu

# शिक्षा विधेयकमाथि प्रदेशस्तरमा सुझाव मागिने

**काठमाडौं/मस-** प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिका सभापति भानुभक्त जोशीले समितिमा विचाराधीन विद्यालय शिक्षा विधेयक, २०८० माथि सरोकारवाला पक्षसँग प्रदेशगतरुपमै सुझाव मागिने बताएका छन् ।

गत भदौ २७ गते संसद्मा दर्ता भएको सो विधेयकमाथि प्राप्त एक सय ५० भन्दा बढी संशोधन प्रस्ताव सभामुखको सचिवालयबाट समितिमा आएको र त्यसमाथि नियमित विधिवत छलफलको तयारी भएको जनाउँदै सभापति जोशीले लामो समयको प्रतीक्षापछि विधेयक प्रस्तुत भएकाले यसमा व्यापक परामर्श आवश्यक रहेको बताएका हुन् ।

सोमबार आयोजित एक अन्तरक्रिया कार्यक्रममा सभापति जोशीले नेपाल शिक्षक महासंघलगायत सरोकार भएका सबै पक्ष र विज्ञका विचार सुनेर मात्रै संशोधनलाई पारित गरिने बताए । समितिका सदस्य सुमना श्रेष्ठले शिक्षकहरुको सुविधाका लागि मात्रै नभई गुणस्तरीय शिक्षाका लागि पनि बहस हुनुपर्ने बताए ।



राष्ट्रिय परीक्षा बोर्डका अध्यक्ष डा.महाश्रम शर्माले लामो समयको अन्तरालमा विधेयक आएकाले यसमा गहन छलफल हुनु स्वभाविक भएको उल्लेख गर्दै विद्यालय शिक्षाको परीक्षा र मूल्यांकन प्रणालीबारे अन्तर्राष्ट्रिय अभ्याससमेतका आधारमा निचोडमा पुग्न आग्रह गरे ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका सहसचिव केशव दाहालले सार्वभौम संसद्मा पुगिसकेको विधेयकमा सांसद्बाट हुने संशोधन सरकारलाई स्वीकार्य हुने जनाउँदै विधेयक दर्ता भएपछि महासंघसँग गरिएका सहमति सदनमा प्रस्तुत भइसकेकाले त्यसलाई मनन् गरिने आशा व्यक्त गरिन् । महासंघका अध्यक्ष कमला तुलाधरले आफूहरुसँग भएका सहमतिको पालनासहित छिटो विधेयक पारित हुनुपर्ने माग गरिन् । महासंघका महासचिव लक्ष्मीकिशोर सुवेदीले सहमतिमा पनि कतिपय मागहरु छुटेकाले तिनको पनि सम्बोधन हुनुपर्ने बताए ।

निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन (प्याब्सन) का अध्यक्ष डिके ढुंगाना, राष्ट्रिय निजी तथा आवासीय विद्यालय एशोसिशएन (एन प्याब्सन) का अध्यक्ष सुवास न्यौपाने, उच्च शिक्षालय तथा विद्यालय संघ (हिसान) का उपाध्यक्ष रामहरि सिलवालले शिक्षामा निजी क्षेत्रको लगानीको सुरक्षा हुनुपर्ने जिकिर गर्दै गुणस्तरीय शिक्षामा निजी शिक्षालयको भूमिकाको अवमूल्यन नगर्न माग गरे ।

सामुदायिक विद्यालय व्यवस्थापन समिति महासङ्घका अध्यक्ष गुणराज मुक्तानले सामुदायिक विद्यालयमा समुदाय र अभिभावकको भूमिकालाई अग्राधिकार दिने गरी संशोधन गर्न आग्रह गरे । शिक्षाविद् डा.कृष्णप्रसाद पौडेलले शिक्षा, स्वास्थ्य र रोजगारीमा समान अवसरको वितरण हुन नसक्ने हो भने मानिस सुविधायुक्त स्थानमा बसाइसराइ गर्ने र मुलुकको समग्र विकासमा प्रतिकूल असर पर्ने बताए ।

उक्त विधेयकमा गत असोज २१ गते प्रतिनिधिसभामा सैद्धान्तिक छलफल सकिएर सदस्यहरुलाई संशोधन दर्ताका लागि समय दिइएको थियो । संशोधनमा गत असोज ५ गते शिक्षक महासंघ र असोज १२ गते राहत शिक्षक केन्द्रीय समितिसमेतसँग भएका सहमतिका बुँदालाई समावेश गर्ने प्रयास गरिएको छ ।

# विप्लवसहितलाई ३५ दिनभित्र अदालतमा उपस्थित हुन सूचना

काठमाडौं/मस-जिल्ला अदालत काठमाडौंले नेपाल कम्युनिष्ट पार्टीका महासचिव नेत्रविक्रम चन्द (विप्लव) सहितका नेताहरुमाथि राज्यविरुद्धको कसुरमा ३५ दिनभित्र अदालतमा उपस्थित हुनु भनेको छ ।

अदालतमा राज्यविरुद्धको कसुरमा चार वर्षअघि दायर गरिएको मुद्दामा विप्लवसहित उक्त पार्टीका प्रवक्ता खड्गबहादुर विश्वकर्मा (प्रकाण्ड), अखिल नेपाल किसान महासंघ क्रान्तिकारीका अध्यक्ष राजु कार्की, माइला लामाविरुद्ध उक्त पक्राउ पुर्जी जारी गर्दै अदालतमा उपस्थित हुन भनेको हो ।



'यो पक्राउ पूर्जीको सूचना प्रकाशित भएका मितिले बाटोका म्यादबाहेक ३५ दिनभित्र आफूसँग भएको सबुद प्रमाणसहित तपाई आफैँ उपस्थित हुनुहोला', उक्त पक्राउ पुर्जीमा भनिएको छ, 'तपाईहरुले म्याद गुजारी बसेमा मुद्दा कानुन बमोजिम हुनेछ, पछि तपाईको उजुरबाजुर लाग्ने छैन ।'

अदालतको विसं २०८० मङ्सिर १० गतेको आदेशअनुसार मुलुकी फौजदारी कार्यविधिसंहिता २०७४ को ५८ (१३) बमोजिम ३५ दिनको पक्राउ पुर्जी जारी गर्न दिएको आदेशअनुसार सूचना प्रकाशित गरिएको बताइएको छ । विसं २०७६ असोज ९ गते निजहरुमाथि राज्यविरुद्धको मुद्दा दायर भएको थियो । निजहरुले संघीय एकाइबीच तथा विभिन्न जातजाति वा सम्प्रदायबीचको सम्बन्धमा खलल पारेर राज्यविरुद्ध कसुर गरेको अभियोग लगाइएको छ । प्रहरीले निजहरु फरार भएको भनेपछि अदालतले ३५ दिनभित्र पक्राउ पुर्जी जारी गर्न आदेश गरेको थियो । सोही आदेशअनुसार जिल्ला अदालत काठमाडौं प्रशासन शाखाले आज उक्त सूचना जारी गरेको हो ।

# भन्सार छलीका सामानहरु बरामद

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, १८ मंसिर

प्रहरीले राजस्व छलेर नेपाल भित्र्याउँदै गरेका सामानहरु जिल्लाको विभिन्न स्थानहरुबाट नियन्त्रणमा लिएर गौर भन्सार कार्यालयको जिम्मा लगाएको छ ।

प्रहरीले करिब दुई लाख ३८ हजार १ सय ५० मूल्य बराबरको मालसामानसहित सवारी साधनहरु आवश्यक कारवाहीको लागि भन्सार कार्यालयमा बुझाएको हो । जिल्ला प्रहरी कार्यालय रौतहटका अनुसार उक्त सामानहरु इशनाथ, गौर लगायतको विभिन्न स्थानहरुबाट बरामद गरिएको हो । गस्तीमा गएका प्रहरी टोलीलाई देखेपछि सामान र सवारी साधनहरु समेत छाडेर भागेका थिए । जिल्ला प्रहरी कार्यालय गौरका प्रहरी निरीक्षक झलक प्रसाद शर्माले गौर नगरपालिका १ र इशनाथ नगरपालिका वडा नं ८ बाट भन्सार छलेर पैठारी निकारी गरिरहेको अवस्थामा विआर ५५ डी ३५८३ तथा विआर ३० सी ०५९७ भारतीय मोटरसाइकलमा किराना सामान, लत्ताकपडा र सौफी लगायतका सामानहरु बरामद गरी करिब दुई लाख ३८ हजार एक सय ५० रुपैयाँ मूल्यांकन गरी गौर भन्सार कार्यालयमा बुझाइएको बताए ।

## इपीसेन्टर...

एक नम्बर वडाका कर्ण कामीको चिसोबाट मृत्यु भएको थियो । कर्णपछि नरेन्द्रबहादुर सिंहको २८ कात्तिकमा मृत्यु भयो। ३० कात्तिकमा बिरबहादुर कामी र ३ मंसिरमा डुमे पुनको मृत्यु भएको थियो। ६ मंसिरमा गोरी कामी र कमल सिंहको मृत्यु भएको थियो । ९ मंसिरमा ऐवान कामी, १० मंसिरमा डिल्लीबहादुर चलाउनेको मृत्यु भयो । यसपछि भीमबहादुर पयिार, मन्दरी कामी, कल्दरी थापा र मनबुजा महताराको चिसोबाट मृत्यु भएको छ। पालिकामा रहेका ५६ सय घरपरिवार नै अहिले त्रिपालमुनि बसिरहेका छन् । तर सरकारले अहिलेसम्म अस्थायी टहरा बनाउन आर्थिक सहयोग समेत दिन सकेको छैन ।

## प्रधानमन्त्रीका...

नदिने प्रतिवद्धता पनि जनाएका छन्।

सोमबार मात्रै नेपाल सरकारले रुस र युक्रेन दुबै देशलाई पत्र पठाएर नेपाली नागरिकलाई सेनामा भती नलिन औपचारिक आग्रह गरेको छ। सिंहदरबारमा परराष्ट्र मन्त्रालयका अधिकारीसँगको छलफलपछि सरकारले रुस र युक्रेन दुबै देशलाई सैन्य भर्ना नगर्न पत्राचार गर्ने निर्णय गरेको परराष्ट्र मन्त्रालयले जानकारी दिएको छ ।

परराष्ट्र मन्त्रालयले विज्ञप्ति निकालेर भनेको छ, 'नेपाली नागरिकलाई रुसी सेनामा भर्ना नगर्न र कुनै नेपाली नागरिकलाई भर्ना गरेको भए त्यस्ता नागरिकलाई तत्काल नेपाल फर्काउन समेत रुसी सरकारलाई अनुरोध गरिएको छ ।' कसैको प्रलोभनमा परी वा गलत सूचनाको आधारमा युद्धग्रस्त मुलुकहरुको सेनामा भर्ना नहुन परराष्ट्र मन्त्रालयले अनुरोध गरेको छ। परराष्ट्र मन्त्रालयका अनुसार युद्धमा ज्यान गुमाउनेहरूमा स्याङ्जाको पुतलीबजार नगरपालिका-५ का पितम कार्की, कपिलवस्तुको वाणगङ्गा नगरपालिका-१ का रूपक कार्की, पोखराका देवान राई, गोरखाका सन्दीप थपलिया, दोलखाको मेलुङ गाउँपालिका-६ का राजकुमार रोका र इलामका गङ्गाराज मोक्तान रहेका छन्। त्यस्तै मन्त्रालयले रुसी सेनामा भर्ना भइ हाल युक्रेनमा बन्दी अवस्थामा रहेका नेपाली विवेक खत्रीलाई स्वदेश फिर्ता गर्ने सम्बन्धमा कुटनीतिक पहल भइरहेको बताएको छ ।

## टिकटक...

लगाएको प्रतिवन्ध फुकुवा हुने संकेत गरे । आफ्नो चाहनाले मात्र नभई केपी शर्मा ओली र शेरबहादुर देउवाको जोडबलका कारण सरकारले टिकटकमा रोक लगाएको प्रधानमन्त्री प्रचण्डले बताए ।'पार्टीहरुको बैठक बस्यो कि विपक्षी दलका नेता केपी ओलीले टिकटक कहिले बन्द गर्ने, यसले देश खत्तम पार्‍यो भनेको भन्यै गर्ने । कांग्रेस सभापतिले पनि टिकटक बन्द गर्न किन ढीलो गरेको भन्ने । मैले दुई महिनासम्म त रोकें, तर भनेको भन्यै गरेपछि बन्द गरियो' प्रचण्डले भनेका छन् ।

## चीन...

चिनियाँ राजदूतले भेटेरै असन्तुष्टि जनाए । प्रचण्डको चीन भ्रमण बनाउन कुनै कसर बाँकी नराखेको तर, नेपाल फर्किएपछि चिनियाँ कम्पनिमाथि प्रतिबन्ध लगाउने जस्तो कठोर निर्णय नेपाल सरकारले लिएको भनी चीनले कडा प्रतिक्रिया मात्रै जनाएन्, आफू सरकारको निर्णयबाट रुष्ट रहेको प्रष्ट सन्देश दिएको पनि प्रधानमन्त्री प्रचण्डले सम्पादकहरुलाई सुनाए। प्रधानमन्त्री प्रचण्डले असोज तेस्रो साता चीन भ्रमण गरेका थिए। नेपाल फर्किएपछि स्वयम प्रधानमन्त्री प्रचण्डले आफ्नो भ्रमण सफल भएको बताएका थिए । तर, त्यस अनुसार प्रधानमन्त्री प्रचण्ड प्रस्तुत नभएको र चिनिया कम्पनीमाथि प्रतिबन्ध लगाएर प्रचण्डले आफूलाई पश्चिमाको कित्तामा उभ्याएको आफूहरुले बुझ्न थालेको प्रतिक्रिया चिनिया पक्षले दिएको हो ।

## धर्म...

गरेरै संविधानमा सनातनदेखि चलिआएको धर्मको पनि रक्षा गर्ने र राज्य धर्महरूबीच निरपेक्ष रहे भनेर धर्मनिरपेक्षता राखेको बताए ।

पछिल्लो पटक धर्मका बारेमा विभिन्न नेताहरूको विभिन्न विचार आएको र नेपाली कांग्रेसको सभापतिले गणतन्त्र बाहेकका विषयमा संविधानमा भएका व्यवस्थाको बारेमा छलफल गर्न सकिन्छ भनेको विषयलाई लिएर प्रधानमन्त्रीले भनेका छन्, 'नेपाली कांग्रेसको केन्द्रीय समितिमा केही समयअघि हिन्दु धर्मको बारेमा छलफल भएको थियो । तर पार्टीले एक मतले संविधानका कुनै पनि मुख्य प्रावधान चलाउनु हुँदैन, नत्र धेरै कुरा बिग्रन्छ भन्ने निर्णय गरेको छ । त्यसले कांग्रेस संविधान हिन्दु धर्म राख्नुपर्छ भन्ने देखाउँदैन ।' प्रमुख प्रतिपक्षी दलका नेता केपी ओलीले गणतन्त्र धर्म निरपेक्षताको बारेमा सार्वजनिक रूपमा पनि बचाउ गरिरहेको उनले बताए ।

## हिन्दु...

उनले बताए । 'डेढ अर्ब जनसंख्या र त्यसमध्ये ८० प्रतिशत हिन्दुहरू भएको भारतले नै संविधानमा हिन्दु धर्म राखे भो नि भन्ने सुझाव दिने गरेका छौं' भारततर्फ इंगित गर्दै प्रधानमन्त्री प्रचण्डले भनेका छन्। नेपाल मिलेर बसेको बहुजातीय, बहुसांस्कृतिक र बहुधार्मिक देश भएकोले यसलाई कसैले चलाउन नहुने उनले बताए । प्रमुख प्रतिपक्षी दलका नेता केपी ओलीले गणतन्त्र धर्म निरपेक्षताको बारेमा सार्वजनिक रूपमा पनि बचाउ गरिरहेको उनले सुनाए ।

## गठबन्धन...

यात्रा रिरहेको छ । त्यसक्रममा भएका कार्यक्रमलाई सम्बोधन गर्दै एमाले नेताहरुले सरकार आफैं ढल्ने बताइरहेका छन्। यो बेला प्रधानमन्त्रीले त्यस्तो सम्भावना नरहेको बताएका हुन् । तथापि, सत्तागठबन्धनभित्र कतिपय विषयमा मतभेद रहेको उनले स्वीकारे । मतभेदहरु सरकार ल्ने वा गठबन्धन टुट्ने हदसम्म नरहेको उनको भनाइ छ । मतभेदहरुलाई आपसी छलफलबाटै टुंगो लगाएर अगाडि बढ्ने उनको प्रतिवद्धता छ ।

## एमाले...

विषयमा कतिपयले प्रश्न उठाउँदा एमाले अध्यक्ष ओलीले प्रतिवाद गरिरहेको स्मरण गरे। साथै सरकारका कतिपय निर्णयमा एमालेको राय लिने गरेको बृफिङ गरे। संसदीय समितिको सभापतिमा एमाले समेतको भागवण्डा भएको थियो। अन्य कतिपय संवैधानिक र राजनीतिक भागवण्डामा समेत एमाले सहभागी भएको बताइन्छ । आफू प्रतिपक्षीलाई निषेध गरेर जाने पक्षमा नरहेको भन्दै उनले एमाले समेत आफ्नो निरन्तर संवादमा रहेको संकेत गरेका छन् । सहमति अनुसार सत्ता गठबन्धन अगाडि नबढे सहकार्यका लागि एमाले तयार रहेको सन्देश दिएका छन् ।

## एनसेल...

आएको उल्लेख गरे। दुईवटा क्रेता-विक्रेताले जे मनलाग्यो त्यो गर्न नपाउने र यो प्रकरणमा त्यतिकै नछाड्ने उनको प्रतिक्रिया छ ।

एनसेलको शेयर खरीद-विक्रीबारे सोमबार नै प्रधानमन्त्रीले मुख्यसचिव बैकुण्ठ अर्यालसँग छलफल गरे । छलफलपछि मन्त्री शर्माको नेतृत्वमा टिम बनाएर अध्ययन गर्ने निश्कर्ष निकालिएको प्रधानमन्त्री प्रचण्डले बताए ।

प्रधानमन्त्रीका अनुसार यसमा दूरसञ्चार प्राधिकरणको पनि चासो छ । करको पनि चासो छ । सरकारले पहिले पनि एनसेलबाट कर असुलीका लागि जोड गरेको प्रधानमन्त्री प्रचण्डले स्मरण गरे । उनले भनेका छन्, 'पहिला पनि सरकारले कर उठाउनुपर्छ भन्नेमा जोड गरेकै हो, विधि विधानअनुसार जानुपर्छ। यसमा सरकार एक्सनमा गइसकेको छ ।' विदेशी लगानी रहेको एनसेलबाट मलेसियन होल्डिङ कम्पनी आजियाटाले ८० प्रतिशत सेयर सतिशलाल आचार्यको कम्पनीलाई विक्री गरेको विषयमा सरकार मौन रहेको आरोप लागिरहेका बेला प्रधानमन्त्रीले आफू गम्भीर रहेको बताएका हुन् । एनसेलको शेयर खरिद-विक्रीलाई रोक लगाउने, नलगाउनेबारे भने अध्ययनपछि मात्रै टुंगो लाग्ने प्रधानमन्त्री प्रचण्डको भनाइ छ ।

## मध्यावधिको...

विरोध गरेको छ । एकीकृत समाजवादीका प्रवक्ता जगन्नाथ खतिवडाका अनुसार मध्यावधि निर्वाचनलाई पार्टीगत रुपमा छलफलको विषय बनाउन सकिने अवस्था छेन। नेपालको संविधानले अचानक कसैलाई चाहने बित्तिकै विगतमा दुई तिहाई बहुमतको लागि मलाई भोट दिनुहोस् भनेर मध्यावधि घोषणा गरेजस्तो परिस्थिति नरहेको उनले बताए। संविधानको धारा ७६ (२) बाट ३ हुँदै ५ सम्म नपुगिकन अरु विकल्प खोज्न नसकिने उनले बताए । संविधानको धारा ७६ मा सरकार गठन सम्बन्धी व्यवस्था छ । उपधार (२) मा दुई वा दुई भन्दा बढी दलको गठबन्धन सरकार बन्छ । वर्तमान सरकार यही उपधारा अनुसार बनेको हो । गठबन्धनको सरकार नबने संसदको सबैभन्दा ठूलो दलको संसदीय दलको नेता प्रधानमन्त्री बन्छ । उसले विश्वासको मत पाउन नसके प्रतिनिधि सभाका कुनै पनि सदस्यले सरकार बनाउने आधार देखाएर अगाडि बढ्न सक्छन् ।

## रोजगारीका...

आफन्त र परिवारबाट टाढा रहँदा उत्पन्न हुने मानसिक समस्यालगायतले तन्नेरी युवाहरुलाई कमजोर अवस्थामा पुर्‍याउने गरेको बताइएको छ ।

वैदेशिक रोजगार ऐन २०६४ को दफा ६८ मा वैदेशिक रोजगारमा पाँच हजार वा सोभन्दा बढी कामदार पठाइएका मुलुकमा कम्तीमा राजपत्राङ्कित अधिकृतलाई श्रम सहचारीको रुपमा नियुक्त गरी नेपाली कामदारको समस्या समाधानको जिम्मेवारी तोकिने उल्लेख छ । दक्षिण कोरियासहित खाडी मुलुकमा काउन्सिलर श्रम र श्रम सहचारी रहेपनि पछिल्लो समय नेपाली कामदार थुप्रिएका युरोपेली मुलुकमा श्रम सहचारी नियुक्त भएका छैनन्। त्यसले पनि रोजगारीको खोजिमा भौंतारिएर युरोप छिरेका युवालाई समस्या सुनाउन नै समस्या रहेको बताइन्छ।

गैरआवासीय नेपाली संघले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय र परराष्ट्र मन्त्रालयलाई यस विषयमा पटक-पटक ध्यानाकर्षण गराए पनि ठोस केही काम नभएको गुनासो पनि उत्तिकै छ। पछिल्ला दिनमा युरोपेली मुलुकको रोजगारीका नाममा ठग्ने क्रममा अस्वभाविकरुपमा तीव्रता देखिएको छ ।

रुसी सेनामा भर्ना भएका ६ जना नेपालीको ज्यान गएपछि सोमबार परराष्ट्र मन्त्रालयले वैदेशिक रोजगारीका लागि उक्त मुलुक जान रोक लगाएको छ। नेपाल सरकारले युद्धमा ज्यान गुमाएका नेपाली युवाहरुको शव यथाशीघ्र नेपाल पठाउन तथा पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराउन रुसी सरकारलाई आग्रह गर्दै नेपालीलाई रुसी सेनामा भर्ना नगर्न र कुनै नेपालीलाई भर्ना गरेको भए तत्काल नेपाल फर्काउन आग्रह गरेको छ । तर धेरै नेपाली युवाको राष्ट्रियता नै परिवर्तन गराएर ठूलो संख्यामा भर्ती गराएका कारणले परराष्ट्र मन्त्रालयको आग्रह अनुसार काम हुनेमा धेरैले आशंका व्यक्त गरेका छन् ।


## कुवेतमा वैदेशिक रोजगारको अवसर

**कम्पनी: SOWAT COMPANY FOR SEWING WOMEN CLOTHES AND FABRIC** **शहर: MUBARAK**
**पूर्व स्वीकृत मिति: २०८०/०८/१७** **चलानी नं.: ६०२१०९३३** **LT. No.: 295800**

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | TAILORS (FEMALE) | 0 | 5 | स. काममा दक्ष | 160 | ६८,८०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० मंसिर २६ गते (12 December 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादि जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारल व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारल तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**त्रिवेणी ओभरसिज कन्सर्न प्रा. लि.**
Govt. Lic. No.: 341/059/060
पो.ब.नं.: २३४८९, रिङ्गरोड बसुन्धारा–३, काठमाडौं । फोन नं.: ०१-४९८७६०२, ४९८७६०३,
Mobile: 9806930601,9841996571,9841996572,9841996573
Email : Info@trivenioverseas.com, trivenioverseas.nepal@gmail.com Web:www.trivenioverseas.com


**Tikapur Muncipality**
**Office of The Municipal Executive**
**Tikapur , Kailali**
**Sudurpaschim Province, Nepal**

## Invitation for Bid

**First Date of Publication:-5th Dec 2023**

1. **Tikapur Muncipality, Office of The Municipal Executive, Tikapur , Kailali** invites Open Competitive Electronic Bidding from the eligible bidders for the procurement of works given in table below under National Competitive Bidding Procedures.

| S. N. | Contract Identification Number | Name Of Project and Location | Estimated Amount (Without VAT& PS )NRs. | Bid Security Amount NRs. | Cost of Bid Document NRs. |
|---|---|---|---|---|---|
| 1. | TMO/NCB/17/ ROAD/2080/081 | Construction Of Bituminious (Way From Jholha Tharu House to Baghmara Road and Kodaipur Bhagiram Chaudhary House toAmbasa Connecting Road.Tikapur Municipality Ward No.4,Kailali.) | 68,04,035.23 | 2,00,000 | 3000 |
| 2. | TMO/NCB/18/ ROAD/2080/081 | Construction Of Bituminious (Way From Roinibojhi jayasori Dhami's House To Amar Chaudhary House Road, Ekatanagar Sures Khadka House To Ward 7 Road , Bauniya Sarpraj Saud's House To Ward no 8 Road , Durjanpur Nathuram House To Ashokman Pradhan House Road .Tikapur Municipality Ward No.9,Kailali.) | 68,06,346.97 | 2,00,000 | 3000 |
| 3 | TMO/NCB/19/ BUILD/2080/081 | First Floor Construction works For Ward no 9 office, Tikapur Muncipality ward no 9,Kailali | 21,95,323.10 | 63000.0 | 3000 |

2. Eligible Bidders may obtain further information at Tikapur Muncipality, Office of The Municipal Executive, Tikapur , Kailali OrTelephone NO.:- +977 091-561118, or may visit PPMO e-GP System www.bolpatra.gov.np/egp.
3. Interested bidders should submit only E-bid till 4th Jan 2024 before 12:00 hrs. through PPMO e-GP System www.bolpatra.gov.np/egp. No any Hardcopy will be entertained.
4. Information to deposit the cost of bid document in Bank (Mention Purpose of Deposit Stating Contract Identification Number Clearly) :-
   Name of Bank :- Nepal Bank Ltd., Tikapur, Branch.
   Name of Office : - Tikapur Muncipality, Office of The Municipal Executive, Tikapur , Kailali
   Office Account No.:- 10703000001001000001
   Revenue Heading No:- 14229
5. Information to deposit the Bid Security Amount in Bank :-
   Name of Bank :- Nepal Bank Ltd., Tikapur, Branch..
   Name of Office : - Tikapur Muncipality, Office of The Municipal Executive, Tikapur , Kailali.
   Office Account No.:- 10703000003000000001
   Or Bank Guarantee Issued by Commercial Bank or Financial Institution in the Name of Tikapur Muncipality, Office of The Municipal Executive, Tikapur , Kailali ( Mention Purpose of Deposit Stating Contract Identification Number clearly ).
6. Bid Validity Period shall be 90 days from the date of Bid Opening and Bid Security Validity Period shall be 120 days from the date of Bid Opening.
7. Pre-bid meeting shall be held at Tikapur Muncipality, Office of The Municipal Executive, Tikapur , Kailali at 13: 00 hrs. on 24th Dec 2023.
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. Bid will be opened in the presence of Bidder›s representatives who choose to attend at 14:00 hrs. on 4th Jan 2024 at Tikapur Muncipality, Office of The Municipal Executive, Tikapur ,Kailali .
10. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.
11. Matters not covered in this tender notice shall be in accordance with Public Procurement Act, 2063 and Public Procurement Regulation, 2064 and other prevailing laws of Nepal.
12. Any amendments on this notice shall be posted on office information board and on office website:www.tikapurmun.gov.np

**Chief Administrative Officer**

# मनाङमा विदेशी पर्यटकको संख्या ह्वात्तै बढ्यो



**मध्यान्ह संवाददाता**
मनाङ, १८ मंसिर

हिमाली जिल्ला मनाङमा विदेशी पर्यटकको संख्या बढेको छ। अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) ईलाका प्रमुख ढकबहादुर भुजेलका अनुसार ११ महिना अन्तरमा मनाङमा २० हजारभन्दा बढी विदेशी पर्यटकहरुको आगमन भएको छ।

सन् २०२३ को जनवरीदेखि नोभेम्बरसम्ममा विदेशी पर्यटकहरु आएको भुजेलले मध्यान्ह राष्ट्रिय दैनिकलाई जानकारी दिए।

एक्यापका जिल्ला ईलाका प्रमुख भजेलका अनुसार अक्टोबरमा सबैभन्दा बढी पाँच हजार एक सय ९८, जनवरीमा एक सय ८४, फेब्रुअरीमा चार सय ९९, मार्चमा दुई हजार सात सय ३६, अप्रिलमा चार हजार दुई सय २१, मेमा एक हजार पाँच सय ७१, जुनमा दुई सय ५२, जुलाईमा दुई सय ५६, अगस्टमा तीन सय १६, सेप्टेम्बरमा दुई हजार दुई सय ५७, अक्टोबरमा पाँच हजार एक सय ९८ र नोभेम्बरमा तीन हजार दुई सय ४८ पर्यटकहरुले मनाङको भ्रमण गरेका छन्।

विदेशी पर्यटकहरुमा सबैभन्दा बढी फ्रान्सका नागरिकले मनाङ भ्रमण गरेका छन्। फ्रान्सका दुई हजार चार सय ८५, इजरायलका एक हजार ८३, जर्मनका एक हजार आठ सय ३७, बेलायतका एक हजार चार सय ७३, अमेरिकाका एक हजार दुई सय १३, रसियाका एक हजार एक सय ६७, अस्ट्रेलियाका एक हजार एक सय पाँच, नेदरल्याण्डका नौ सय ७० र भारतबाट आठ सय ९७ पर्यटक भित्रिएका छन्।

सन् २०२२ मा पनि १५ हजार नौ सय तीन विदेशी पर्यटकहरुले मनाङको भ्रमण गरेका थिए। कोभिड महामारीको समयमा समेत पनि सन् २०२० ताका एक हजार नौ सय ७६ र सन् २०२१ मा दुई हजार तीन सय ७३ र यसैगरी सन् २०१९ मा २६ हजार ६ सय ४७, सन् २०१८ मा २९ हजार चार सय ८४ र सन् २०१७ मा २७ हजार ६८ पर्यटकले मनाङ भ्रमण गरेका थिए।

मनाङमा विशेषगरी साहसिक पदयात्राका लागि विदेशी पर्यटकहरु आकर्षित हुने गरेका छन्। संसारकै १०औं उच्च जोखिमपूर्ण यात्रा गर्न पर्यटकहरु आउने गर्छन्।

यस्तै रसियन पर्यटकहरु प्राकृतिक वातावरणको अनुभव गर्न नेपाल आउने गरेका छन्। रसियनहरु प्रविधिमार्फत एकै ठाउँमा बसेर पनि धेरै ठाँउमा पुग्ने गरेता पनि शारीरिक रूपमै पुगेर प्रकृतिसँग रमाउन उनीहरू उत्तिकै लालायित हुने गरेका छन्।

# लैंगिक हिंसाविरुद्धको १६ दिने अभियानमा अन्तरक्रिया

**राजेन्द्र महतो/मध्यान्ह**
सिरहा, १८ मंसिर

सिरहा प्रहरीले ३२ औं लैंगिक हिंसाविरुद्धको १६ दिने अभियान अन्तर्गत प्रभातफेरी तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ। औरही गाँउपालिका वडा नं.५ स्थित 'लैंगिक हिंसा अन्त्यको सुनिश्चितता: महिला र बालिकामा लगानीको ऐक्यवद्धता' भन्ने राष्ट्रिय नाराका साथ विभिन्न सचेतनामूलक प्ले कार्डसहित प्रभातफेरी तथा अन्तरक्रिया कार्यक्रम गरिएको हो।

औरही गाउँपालिका, दलित जनकल्याण युवा क्लव लहान सिरहा र प्रहरी चौकी औरही सिरहाको संयुक्त आयोजनामा भएको कार्यक्रम औरही अस्पतालको सभाहलमा भएको थियो। पालिकाका अध्यक्ष शिवजी यादवको अध्यक्षता भएको कार्यक्रममा जिल्ला प्रहरी कार्यालय सिरहाका प्रहरी नायव उपरीक्षक रबिन्द्र राज पाण्डेको प्रमुख आतिथ्यता रहेको थियो।



कार्यक्रममा दलित जनकल्याण युवा क्लव लहान सिरहा अध्यक्ष उमेश बिसुङखे तथा पदाधिकारीहरु, प्रहरी चौकी औरही सिरहाका प्र.ना.नि. धर्मेन्द्र चौधरी तथा प्रहरी जनशक्तिहरु, नेपाल सशस्त्र प्रहरी वल औरहीका कर्मचारीहरु, सुन्दर माध्यमिक विद्यालय औरहीका शिक्षक तथा कक्षा ८,९,१० र ११ कक्षाका छात्राहरु, सामुदायिक सेवा केन्द्र सिरहाका प्रहरी, सञ्चारकर्मी लगायतको उपस्थिति रहेको थियो।

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७७/११/१० मा दर्ता भएको **प्रा.लि. नं. २५६७८२** को **लुम्बिनी हिल्स प्रा.लि. (Lumbini Hills)** को मिति २०८०/०७/१९ मा बसेको विषेश बैठकको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।

**लिक्वीडेटर: अधिवक्ता हरीचन्द्र तिमिल्सीना**
**ईजाजत प्र.प.नं. ४६२, सम्पर्क नं. ९८५११५५११४**

**मलेसियामा रोजगार** | कम्पनी : ALPINE PIPE MANUFATURING SDN BHD
शहर : Malaysia, Selangor

पूर्व स्वीकृत मिति: २०७९/०४/२१ चलानी नं.: ६०१८४५८४ LT. No.: 268760 पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 4 | 0 | स. काममा दक्ष | 1500 | ४२,६७५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० मंसिर २० गते (6 December 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अधि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अधि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

SGMC
Gov. Lic No. 1219/074/075
SHERMAN GLOBAL MANAGEMENT CONSULTANTS PVT. LTD.
(साविक सुर्खेत ओभरसिज प्रा.लि)
Sinamangal-9, Kathmandu | Tel: 4573705 | 4594457
Email: info@shermanconsultants.com | hr@shermanconsultants.com

# जाजरकोट भूकम्प: चार हजार लाभग्राही थपिए

**काठमाडौं/मस-** जाजरकोट भूकम्पका लाभग्राहीको संख्या थपिएको छ। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार झण्डै चार हजारभन्दा बढी लाभग्राही थपिएका छन्। यसअघि २८ हजार पाँच सय २७ लाभग्राहीको संख्या रहेकामा अहिले बढेर ३२ हजार पाँच सय एकजना पुगेको प्राधिकरणका प्रवक्ता ध्रुवबहादुर खड्काले जानकारी दिए।

प्राप्त विवरणअनुसार बझाङमा दुई हजार चार, बाजुरामा दुई हजार पाँच सय ५५ जाजरकोटमा १३ हजार सात सय १८ र रुकुमपश्चिममा १४ हजार दुई सय २४ जना लाभ्रगाही कायम भएका छन्। उनले अहिलेसम्म १८ हजार तीन सय २८ लाभग्राहीका लागि पहिलो किस्ताबापत ४५ करोड ८२ लाख रकम निकासा भएको छ। लाभग्राही प्रमाणित भएकामध्ये १८ हजार तीन सय २८ लाभग्राहीका लागि पहिला किस्ताबापत ४५ करोड ८२ लाख रकम निकासा भएको खड्काले बताए।

**Lumbini Province Government**
**Ministry of Physical Infrastructure Development**
**Transport Infrastructure Directorate**

## Road Infrastructure Development Office

**Banke, Nepal**

## Invitation for Bids

**IFB No: 08-080/081**
**(First date of Publication: 19 Mangsir, 2080 (2023-12-05)**

1. Lumbini Province Government has allocated funds towards the cost for improvement of provincial roads and intends to apply part of the funds to cover eligible payments under the Contract for upgrading of roads under national competitive bidding (NCB) & Sealed Quotation.
2. Road Infrastructure Development Office, Banke invites only electronic bids from eligible bidders for the construction of the contract mentioned in table below:

| S. N. | Name of Works | Contract ID | Estimated Amt. Without VAT & PS | Bid Doc. Fees | Bid Security Amt. NRs | Type of Bidding | Specific construction exprience & AACT |
|---|---|---|---|---|---|---|---|
| 1 | Asphalt Concrete, Box Culvert, R.C.C Drain & Toe wall works at Dhanauli Chauki dekhi Nepalgunj Gaughat Bardiya hulaki Sadak Samma | RIDO/BANKE /ROAD/W/ NCB/67/080-81 | | NRs. 5000.00 | 7,00,000 | NCB (Double envolve) | Minimum One No. Of Asphalt concrete pavement Road Project that have been successfully completed within the last ten (10) years, each with a value of at least NRs 1,03,00,000.00 & AACT=3,85,00,000.00 |
| 2 | Premix pavement work at BP chowk Dekhi Karmona samma | RIDO/BANKE /ROAD/W/ NCB/68/080-81 | 8,422,024.47 | NRs. 3000.00 | 2,35,000 | NCB | |
| 3 | Construction of retaining structure, & Gravelling work at Khajura 5 Udharapur- B Gau Gaupalika samma | RIDO/BANKE /ROAD/W/ NCB/69/080-81 | 5,885,849.82 | NRs. 3000.00 | 1,65,000 | NCB | |
| 4 | Construction of retaining structure,& Gravelling work at Bhawanipur agadi-Idgaha hudai Gosaipurba Road | RIDO/BANKE /ROAD/W/ NCB/70/080-81 | 3,773,274.15 | NRs. 3000.00 | 1,05,000 | NCB | |
| 5 | RCC Drain & Toe wall work at Khajura 5 Rajwana dekhi kalikapur hudai Bhanu Mabi Road | RIDO/BANKE /ROAD/W/ NCB/71/080-81 | 2,515,228.50 | NRs. 3000.00 | 72,000 | NCB | |
| 6 | RCC Drain & Gravelling work at Ka Gau 20 no chowk 31 no chowk, Ne.ra pra.bi.hudai Purna prasad Aryal ko ghar samma | RIDO/BANKE /ROAD/W/ SQ/72/080-81 | 1,676,298.04 | NRs. 1000.00 | 48,000 | SQ | |
| 7 | Gravel Road at Alaa Nagar North Laxmi Pariyar House 700m, Nepalganj-19 | RIDO/BANKE /ROAD/W/ SQ/73/080-81 | 1,674,534.86 | NRs. 1000.00 | 48,000 | SQ | |
| 8 | Premix carpet work at Nepalganj 19 katliya mod dekhi Janaki chowk Hulaki sadak | RIDO/BANKE /ROAD/W/ SQ/74/080-81 | 1,671,833.52 | NRs. 1000.00 | 48,000 | SQ | |

| Last Date & Time for purchase of Bid document & bid submission | Date, Time & place of bid opening |
|---|---|
| 4th Poush 2080 (20th Dec.2023) upto 12:00 Noon For SQ & 19th Paush 2080 (4th Jan.2024) Upto 12:00 Noon For NCB | 4th Poush 2080 (20th Dec. 2023) 1:00 PM For SQ & 19th Poush 2080 (4th Jan.2024) 1:00 PM For NCB (Place:-Road Infrastructure Development Office, Nepalgunj, Banke ) |
| Bid security validity period | 30 days beyond Bid Validity period |
| Bid Validity period | 120 days for double envolve, 90 days For NCB & 45 Days for SQ |
| Date, Time & place of Pre-Bid Meeting | 11th Poush 2080 (27th Dec.2023) 11:00 AM (For NCB Only) Place:- Road Infrastructure Development Office, Nepalgunj, Banke |
| Account No.for bid document purchase/Bid Fee | Name of Office: Road Infrastructure Development Office, Nepalgunj, Banke. Office Code Number: 3370157015; Office Account Number: 1000100200010000 Rajaswa Shirshak (revenue) Number: 14229 |
| Account No for bid security deposit | Name of the Bank: Rastriya Banijjya Bank; Name of Office: Road Infrastructure Development Office, Nepalgunj, Banke. Office Code Number: 3370157015; Office Account Number: 4130100202030000; |

3. Bidder shall submit their bid electronically only. For e-bidding visit PPMO's e-procurement web portal http://www.bolpatra.gov.np/egp and for other additional information please visit Road Infrastructure Development Office, Nepalgunj, Banke
4. If the last date of pre-bid meeting, purchasing and /or submission falls on a government holiday, then the same time on next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka
Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि
QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara,
Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoon@mos.co.np
www.harvestmoongroup.com

मध्यान्ह
www.madhyanhadaily.com
१९ मंसिर २०८०, मंगलबार
5 December 2023, Tuesday

## सम्पादकीय

# शक्तिको लाजमर्दो लालच

सत्तारूढ घटक दल नेकपा एकीकृत समाजवादीको महाधिवेशन निर्धारित मितिमा नहुने पक्का भएको छ । सोमबार बसेको सचिवालय बैठकमा नेताहरू महाधिवेशन सार्न तयार भएका हुन् । राष्ट्रियसभा चुनावको मिति निर्धारण भएको, जाजरकोट भूकम्पमा कार्यकर्ता परिचालित भएको र राजनीतिक दस्तावेज तयार हुन नसकेको कारण देखाएर महाधिवेशन सार्ने निष्कर्षमा नेताहरू पुगेका हुन् । एकीकृत समाजवादीले देखाएको कुनैपनि तर्क बलियो छैन । किनकि राष्ट्रियसभा चुनावमा व्यस्त हुनुपर्ने कार्यकर्ताको संख्या एकीकृत समाजवादीमा अत्यन्तै न्यून संख्यामा छन् भने भूकम्प प्रभावितहरूलाई अस्थायी टहरा बनाउनुपर्ने कार्यमा माघसम्म अल्भिनुपर्ने अवस्था आए दुखद् विषय हो । त्यो भन्दा अगाडि नै भूकम्प पीडितहरूले न्यानो अस्थायी आवास पाउनुपर्छ । राजनीतिक दस्तावेज तयार पार्ने समय नपुगेको भन्ने तर्क सुन्दै हास्यास्पद छ । किनकि महाधिवेशन गर्ने निर्णय एक वर्ष अगाडि भएको हो ।

गत वर्ष माघमै बसेको केन्द्रीय कमिटी बैठकबाट महाधिवेशन गर्ने निर्णय भएको थियो । एक वर्ष अगाडि निर्णय हुँदा पनि दस्तावेज तयार पार्न नसक्ने परिस्थिति हो भने त्यस्तो नेतृत्वबाट मुलुक चल्दैन । तर वास्तविकता भने दिइएको कारण नभएर अर्कै छ । अध्यक्ष माधवकुमार नेपाल र पूर्वप्रधानमन्त्री झलनाथ खनालबीच चल्दै आएको अन्तरसंघर्षकै कारण एकीकृत समाजवादीको महाधिवेशन प्रभावित हुन पुगेको त्यही पार्टीका नेताहरू बताउँछन् । जबकी नेपाल र खनाल तीसको दशकबाट मुलुकको राजनीतिक नेतृत्वमा छन् । आज पनि उनै नेताहरूबीच कुनै पार्टी नेतृत्वका लागि अन्तरसंघर्ष हुनु नागरिकलाई आशा भर्ने कुरा होइन ।

